# धनगढी उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकूद महाशाखा

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
फोन नं.:- ०९१-५२६७२९
Email : edu.dhangadi@gmail.com
website : dhangadhimun.gov.np


धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. :- २०७८/७९
च.नं. :- ९३४

मिति :- २०७८/०८/१६

**विषय: पूर्व तयारी सम्बन्धमा ।**

श्री सामुदायिक विद्यालयका प्रधानाध्यापक ज्यू सबै
धनगढी उपमहानगरपालिका, कैलाली ।

प्रस्तुत विषयमा यस उपमहानगरपालिकाको आ.व.२०७८।०७९ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार चालु आ.व. मा सञ्चालित कार्यक्रमको अभिमुखीकरण, गत आ.व.२०७७।०७८ तथा चालु आ.व. को प्रथम चौमासिक कार्यक्रमहरुको प्रगति समिक्षा र चालु आ.व. को दोस्रो चौमासिक माग फाराम सम्बन्धमा निकट भविष्यमा सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुको सहभागितामा प्रधानाध्यापक बैठक तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरिने भएको हुनाले उक्त कार्यक्रमका लागि त्यहाँ विद्यालयसंग सम्बन्धित तपसिलका विवरणहरुको तयारी गर्नु गराउनु हुन अनुरोध छ ।

Khati ०७८/०८/१६

नरेन्द्र बहादुर खाती
उपसचिव

नरेन्द्र बहादुर खाती
उपसचिव

**तपसिल**

१. शैक्षिक सत्र २०७७ को कक्षागत/विषयगत सिकाइ उपलब्धि
२. अध्यावधिक विद्यालय सुधार योजना
३. आ.व. २०७७।७८ को सामाजिक परीक्षण
४. आ.व. २०७८।७९ को पहिलो चौमासिक तलब तथा पारिश्रमिक निकासाको खर्च सम्बन्धि विवरण (तलब तथा पारिश्रमिक भुक्तानीका लागि बैंकलाई लेखिएको पत्र, कट्टी भएको रकम सम्बन्धि विवरण (सञ्चयकोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, आयकर), चौमासिक हाजिरी उतार
५. आ.व. २०७८।७९ को दोस्रो चौमासिक अवधिको माग फाराम (सबै तह र कर्मचारीको धनगढी शैक्षिक सूचना २०७८ मा उल्लेखित ढाँचामा)
६. शैक्षिक सत्र २०७८ को विद्यालयको अध्यावधिक शैक्षिक सूचना व्यवस्थापन प्रणाली सम्बन्धि (आ-आफ्नो विद्यालयको वेभपेजमा अद्यावधिक भएको हुनु पर्ने)
७. सेनिटरी प्याड सम्बन्धि (विगतमा उपलब्ध सेनिटरी प्याडको मौज्दातको अवस्था, प्रयोग गर्न सकिने अवधि (Expiry Date), यस शैक्षिक सत्रमा थप आवश्यक पर्ने सेनिटरी प्याडको माग फाराम (धनगढी शैक्षिक सूचना २०७८ मा उल्लेखित ढाँचामा)
८. आ.व. २०७७।७८ मा संचालित राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको प्रगति प्रतिवेदन
९. विद्यालय क्षेत्र सुधार कार्यक्रमसंग सम्बन्धित कार्यक्रमहरु (नि:शुल्क पाठ्यपुस्तक वितरण भर्पाई, छात्रवृति वितरण भर्पाई, TST, विज्ञान प्रयोगशाला, पुस्तकालय, ICT, नमुना विद्यालय कार्यक्रम, प्राविधिक धारसम्बन्धि कार्यक्रम समेत) को प्रगति प्रतिवेदन
१०. नगरपालिका तर्फको कार्यक्रम (ई-हाजिरी, ल्यापटप तथा प्रिन्टर, शिक्षण सहयोग अनुदान) को प्रगति प्रतिवेदन
११. निजी शिक्षक, आंशिक शिक्षक, शिक्षण सहयोग अनुदान कोटामा कार्यरत शिक्षकहरुको विवरण
१२. विद्यालयमा विद्यमान समस्या तथा चुनौति एवम् तिनीहरुको समाधानका लागि विद्यालयले गरेका प्रयासहरु
१३. विद्यालयका राम्रा शैक्षिक अभ्यासहरु (अभ्यासको नाम, कार्यान्वयन प्रक्रिया, प्राप्त उपलब्धि)
१४. विद्यालयका शिक्षकहरुबाट गरिएका शैक्षिक अनुसन्धान, कार्यमुलक अनुसन्धान सम्बन्धि विवरण

**बोधार्थ :**

**श्री सञ्चार तथा सूचना प्रविधि शाखा :** वेभसाइटमा अपलोड गरिदिनु हुन ।